# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : २०८०।०८१
च.नं. : १२६

फोन नं. ०१-४३१५७६६
मिति : २०८०।०५।२६


विषयः- **विज्ञान प्रदर्शनी सञ्चालन सम्बन्धमा ।**

श्री सबै माध्यमिक विद्यालयहरु
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा शिक्षा विकास निर्देशानालयको च.नं. ४५, मिति २०८०।०५।०८ गतेको पत्रानुसार मिति २०८० असोज १ गते पर्न गएको विज्ञान दिवसको अवसरमा प्रत्येक स्थानीय तहमा माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी कार्यक्रमको लागि माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले तयार गरेका विज्ञान तथा प्रविधिसँग सम्बन्धित समाग्रीहरुको प्रतियोगितात्मक प्रदर्शनी कार्यक्रम आयोजना गरी विज्ञान दिवस भव्य रुपमा मनाउने व्यवस्था मिलाई दिनुहुन भनी अनुरोध भई आएकाले तपसिलको मिति, समय र स्थानमा यस नगरपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरुले कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुमध्ये प्रत्येक विद्यालयबाट कम्तीमा १ जना छात्रासहित ३ जना विद्यार्थी सहभागी गराउनुहुन अनुरोध छ। साथै, प्रदर्शनीको लागि आवश्यक पर्ने सामग्रीहरु आफै व्यवस्था गर्नुपर्नेछ। विज्ञान प्रदर्शनीसम्बन्धी जानकारी तथा मूल्याङ्कनका आधार यसै पत्रसाथ संलग्न छ ।

**तपसिल**

मितिः २०८० आश्विन ७
समयः बिहान १० बजे
स्थानः ग्रीन ल्याण्ड पार्टी प्यालेस, महादेवस्थान ।

कर्ण बहादुर भुजेल
अधिकृत दर्जा


Website : chandragirimun.gov.np
Email : chandragirimun@gmail.com

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: २०७९/०८०

चलानी नं.: ४५

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा

मिति: २०८०/०५/०८

विषय: <u>विज्ञान प्रदर्शनी सम्बन्धमा ।</u>

श्री स्थानीय तहहरु,
बागमती प्रदेश, हेटौंडा ।

प्रस्तुत विषयमा यही मिति २०८० असोज १ गते पर्न गएको विज्ञान दिवसको अवसरमा प्रत्येक स्थानीय तहमा *<u>माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी</u>* कार्यक्रमको आयोजना गरी विज्ञान दिवस भव्य रुपमा मनाउन प्रदेशभित्रका स्थानीय तहहरुलाई अनुरोध गर्ने भनी सामाजिक विकास मन्त्रालय (सचिवस्तर) को मिति २०८०/०५/०६ को निर्णय भएको हुँदा तहाँ स्थानीय तह अन्तर्गतका माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले तयार गरेका विज्ञान तथा प्रविधिसँग सम्वन्धित सामाग्रीहरुको प्रतियोगितात्मक प्रदर्शनी कार्यक्रम आयोजना गरी विज्ञान दिवस भव्य रुपमा मनाउने व्यवस्था मिलाई दिनु हुन अनुरोध गर्दछु ।

पूर्णबहादुर दर्जी
निर्देशक

<u>बोधार्थ</u>

श्री सामाजिक विकास मन्त्रालय, हेटौंडा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइहरु (१३ वटै)

१) स्थानीयस्तरमा भएको विज्ञान प्रर्दशनीमा प्रथम स्थान हासिल गर्ने विद्यालयका विद्यार्थीहरु वीच पुन: जिल्लास्तरीय विज्ञान प्रदर्शनी कार्यक्रम समेत हुने हुँदा आवश्यक सहजीकरण र समन्वय गरिदिनुहुन ।

२) संलग्न पत्रमा उल्लेख भएको विषय क्षेत्रमा रही सामग्री प्रदर्शन, प्रदर्शित सामग्रीको मूल्याङ्कन गर्ने व्यवस्थाका लागि सम्बन्धित स्थानीय तहलाई पत्राचार समेत गरी सहयोग गरिदिनु हुन ।

श्री शीतल
अध्ययन गरी चन्द्रागिरि नगरपालिकाले विज्ञान प्रदर्शनी गर्ने व्यवस्था मिलाउने व्यवस्था गर्ने,
२०८०/५/१०

विषयः- माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रदर्शनी सम्वन्धमा

शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

## क) कार्यक्रमको रुपरेखा

१. कार्यक्रमको नामः " माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रर्दशनी" कार्यक्रम

२. कार्यक्रमको उद्देश्यः

- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरु वीच सिर्जनशीलता, खोज, अनुसन्धान, नवप्रवर्तन र व्यवसायिकतालाई प्रवर्द्धन गरी भविष्यमा विज्ञ, व्यवसायिक, सिपयुक्त एवम् स्वावलम्वी नागरिक बन्न सहयोग पुर्याउने.
- विषयवस्तु वा विधामा कुनै भौतिक वा अभौतिक वस्तु बनाउन लगाई सिर्जनशिलताको विकास गर्ने.
- माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई खोज तथा अनुसन्धान मुलक कार्य गर्न प्रेरणा प्रदान गर्ने,
- योग्य र क्षमतावान विद्यार्थीलाई सम्मान तथा कदर गर्ने प्रणालीको विकास गर्ने.
- विद्यार्थीलाई संलग्न गराई ज्ञान तथा सीपप्रति सचेतना बढाई अभिप्रेरित गर्दै स्वरोजगार र उद्यमशील हुन प्रोत्साहित गर्ने ।

३. कार्यक्रम सन्चालन हुने चरणः

(क) पहिलो चरणः

- वागमती प्रदेश भित्रका ११९ वटा स्थानीय तहको शिक्षा महाशाखा/शाखा प्रमुखको संयोजकत्वमा पालिका भित्र रहेका माध्यमिक विद्यालयमा अध्ययनरत बालवालिकाले तयार गरेको विज्ञान तथा प्रविधिसँग सम्वन्धित सामाग्रीहरुको प्रतियोगितात्मक प्रर्दशनी कार्यक्रम मिति २०८० असोज १ गते विज्ञान दिवसको अवसरमा आयोजना गरी प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।
- स्थानीय तहवाट प्रथमस्थान हासिल गर्न सफल विद्यालयका विद्यार्थीहरुले तयार गरेका विज्ञान तथा प्रविधिसँग सम्वन्धित सामाग्रीहरु सम्बन्धित विद्यालयलाई सुरक्षित राख्न लगाई जिल्लास्तरमा हुने विज्ञान प्रदर्शनीमा सहभागी हुन पठाउने व्यवस्था मिलाउन विद्यालयलाई जानकारी गराउने ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

ख) दोश्रो चरण

वागमती प्रदेश भित्रका १३ जिल्लाका शिक्षा विकास तथा समन्वय ईकाईको संयोजकत्वमा उक्त जिल्ला भित्र रहेका प्रत्येक पालिकाहरुवाट स्थानीयस्तरमा प्रथम स्थान हासिल गर्न सफल माध्यमिक विद्यालयहरु बीच हरेक जिल्लामा माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रर्दशनी आयोजना गरिने। उक्त कार्यक्रममा प्रर्दशनमा रहेका सामाग्रीहरुलाई जिल्लास्तरीय विज्ञहरुको मूल्याङ्कन समितिले मूल्याङ्न गरी उत्कृष्ट ४ विद्यालयलाई नगद पुरस्कार प्रदान गर्ने ।

(ख) तेश्रो चरण

दोश्रो चरणमा प्रथम स्थान प्राप्त गर्न सफल हुने १३ जिल्लाका विद्यालयका विद्यार्थीहरु बीच प्रदेशस्तरमा विज्ञान प्रर्दशनी कार्यक्रम आयोजना गरी कार्यक्रममा प्रर्दशनमा रहेका सामाग्रीहरुलाई प्रदेशस्तरीय विज्ञहरुको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी उत्कृष्ट हुने ४ विद्यालयलाई पुरस्कार प्रदान गर्ने ।

४. मूल्याङ्कन समिति

- कार्यक्रममा समावेश भएका भौतिक वा अभौतिक सामाग्रीहरुको मूल्याङ्न गर्न आवश्यकता र उपलब्धताको आधारमा ३ सदस्यीय मूल्याङ्न समिति गठन गर्ने ।
- मूल्याङ्कन समिति छनौट गर्दा संभव भएसम्म भौतिक शास्त्र, रसायन शास्त्र र जीव विज्ञान विषय विज्ञहरुलाई समावेश गर्ने ।
- मूल्याङ्न समितिले प्रर्दशनीमा विद्यार्थीहरुले बनाएका भौतिक वा अभौतिक सामाग्रीहरुको मूल्याङ्न गरी पुरस्कारको निक्यौल गर्ने ।

५. विद्यार्थीले तयार गरेका सामाग्रीहरुको मूल्याङ्कनका आधारहरुः विद्यार्थीहरुले तयार गरेका सामाग्रीहरुको मूल्याङ्न गर्दा देहाय बमोजिमका आधारमा गर्नु पर्ने

| क्र.स | मूल्याङ्कनका आधारहरु | कुल अंक | अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रर्दशनीहुने सामाग्रीको विषयसँगको सम्बन्धमा<br>1. Physics, 2. Chemistry, 3. Biology | ५ | | | |
| | कुनै एउटा विषयसँग सम्बन्धित भएमा | | ३ | | |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय,
हेटौंडा, नेपाल

ख) दोश्रो चरण

वागमती प्रदेश भित्रका १३ जिल्लाका शिक्षा विकास तथा समन्वय ईकाईको संयोजकत्वमा उक्त जिल्ला भित्र रहेका प्रत्येक पालिकाहरुबाट स्थानीयस्तरमा प्रथम स्थान हासिल गर्न सफल माध्यमिक विद्यालयहरु बीच हरेक जिल्लामा माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रर्दशनी आयोजना गरिने। उक्त कार्यक्रममा प्रदेशनमा रहेका सामाग्रीहरुलाई जिल्लास्तरीय विज्ञहरुको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी उत्कृष्ट ४ विद्यालयलाई नगद पुरस्कार प्रदान गर्ने ।

(ख) तेश्रो चरण

दोश्रो चरणमा प्रथम स्थान प्राप्त गर्न सफल हुने १३ जिल्लाका विद्यालयका विद्यार्थीहरु बीच प्रदेशस्तरमा विज्ञान प्रर्दशनी कार्यक्रम आयोजना गरी कार्यक्रममा प्रर्दशनमा रहेका सामाग्रीहरुलाई प्रदेशस्तरीय विज्ञहरुको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी उत्कृष्ट हुने ४ विद्यालयलाई पुरस्कार प्रदान गर्ने ।

४. मूल्याङ्कन समिति

- कार्यक्रममा समावेश भएका भौतिक वा अभौतिक सामाग्रीहरुको मूल्याङ्कन गर्न आवश्यकता र उपलब्धताको आधारमा ३ सदस्यीय मूल्याङ्कन समिति गठन गर्ने ।
- मूल्याङ्कन समिति छनौट गर्दा संभव भएसम्म भौतिक शास्त्र, रसायन शास्त्र र जीव विज्ञान विषय विज्ञहरुलाई समावेश गर्ने ।
- मूल्याङ्कन समितिले प्रर्दशनीमा विद्यार्थीहरुले बनाएका भौतिक वा अभौतिक सामाग्रीहरुको मूल्याङ्कन गरी पुरस्कारको निक्यौल गर्ने ।

५. विद्यार्थीले तयार गरेका सामाग्रीहरुको मूल्याङ्कनका आधारहरुः विद्यार्थीहरुले तयार गरेका सामाग्रीहरुको मूल्याङ्कन गर्दा देहाय बमोजिमका आधारमा गर्नु पर्ने

| क्र.स | मूल्याङ्कनका आधारहरु | कुल अंक | अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रर्दशनीहुने सामाग्रीको विषयसँगको सम्बन्धमा<br>1. Physics, 2. Chemistry, 3. Biology | ५ | | | |
| | कुनै एउटा विषयसँग सम्बन्धित भएमा | | ३ | | |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | कुनै दुईवटा विषयसँग सम्बन्धित भएमा | | ४ | | |
| | तीनवटा विषयसँग सम्बन्धित भएमा | | ५ | | |
| २ | प्रदर्शनहुने सामाग्रीको कच्चा पदार्थ | १० | | | |
| | आवश्यक पर्ने सवै कच्चा पदार्थ स्थानीय बजारमा उपलब्ध नभई आयात गर्नु पर्ने भएमा | | ५ | | |
| | आवश्यक पर्ने सवै कच्चा पदार्थ स्थानीयस्तरमा उपलब्ध हुने भएमा | | १० | | |
| | आयात गर्नुपर्ने र स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ दुवैको प्रयोग भएकोमा | | ७ | | |
| ३ | प्रदर्शनहुने सामाग्रीको निर्माणमा मौलिकता तथा नविनता | ३० | | | |
| ३.१ | उर्जा खपत | १० | | | |
| | Non Renewable Energy Consumption | | २ | | |
| | Renewable Energy Consumption | | ४ | | |
| | No Energy Consumption | | ५ | | |
| ३.२ | Portable / Non-Portable | १० | | | |
| | Non-Portable | | ३ | | |
| | Portable | | ५ | | |
| ३.३ | सैद्धान्तिक वा व्यवहारिक अवधारणा | १० | | | |
| | सैद्धान्तिक अवधारणा प्रस्फुटन हुने (Theory/Principle related only) | | २ | | |
| | व्यवहारिक अवधारणा प्रस्फुटन हुने (Application of Theory/Principle related) | | ५ | | |
| ४ | सामाग्रीको उपयोगिता | २५ | | | |
| ४.१ | Durability | १० | | | |
| | Non-Durable | | ५ | | |
| | Durable | | १० | | |
| ४.२ | वातावरणमैत्री | १० | | | |
| | Non Eco-friendly | | ५ | | |
| | Eco-friendly | | १० | | |
| ४.३ | सामाग्रीको उपदयेता | ५ | | | |
| ५ | प्रस्तुतीकरण | ३० | | | |
| ५.१ | Oral Presentation and participation knowledge | ५ | | | |
| ५.२ | Neat, organized display | ५ | | | |
| ५.३ | Clear, concise, thoughtful response to questions | ५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.४ | Understanding of basic science relevant to project | ५ | | | |
| ५.५ | Recognition of potential impact in science, society and/or economics | ५ | | | |
| ५.६ | Contributions to and understanding of project by all members | ५ | | | |